**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख २१ गते**
सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार वैशाख २१ गतेसम्म २ हजार ८ सय ९५ जनाको पीसिआर नमूना सङ्कलन गरीएकोमा २ हजार ८ सय ७७ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र पाँच जनामा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमित पाँच जनामध्ये चार जना निको भई घर फर्किएका छन् । १३ जनाको पीसिआर नमूना परीक्षण रिपोर्ट आएन बाँकी रहेको छ । यसैगरी १४ हजार १ सय ३६ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडिटी ) नमूना सङ्कलन गरिएकोमा १४ हजार १ सय २६ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको र १० जनाको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । आरडिटी रिपोर्ट पोजेटिभ आएका १० जनाको पीसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य निर्देशनालय,डोटीका अनुसार सुदूरपश्चिम प्रदेशमा ३ सय ९२ ओटा क्वारेन्टाइन  स्थानमा ८ हजार ९ सय ५६ बेड सङ्ख्या रहेका छन् । वैशाख २१ गतेसम्म २ सय ८० महिला र ३ हजार २ सय ९२ जना पुरुष गरी ३ हजार ५ सय ७२ जना क्वारेन्टाइनमा बस्दै आएका छन् । सुदूरपश्चिम प्रदेशमा १ सय ५४ ओटा आइसोलेशन बेड रहेकोमा आइसोलेशनमा उपचाररत एक जना बिरामीको मृत्यु भएको छ भने तीन जना बिरामीहरु आइसोलेशनमा रहेका छन् । आइसोलेशनमा मृत्यु भएकाको थ्रोट स्वाब परीक्षण रिपिर्ट आउन बाँकी रहेको छ ।  १ सय १४ जना बिरामी आइसोलेसनबाट डिस्चार्ज भएका छन् ।
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख २१ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** पुचौंडी नगरपालिका- ३ मा रहेको क्वारेन्टाइनमा गएर महिला सदस्य र स्वास्थ्य स्वयमसेविकामाथि अभद्र व्यवहार गर्ने पुचौंडी नगरपालिका-३ का ३४ वर्षीय नरेन्द्र बोहरालाई वैशाख २१ गते प्रहरीले गिरफ्तार गरेको छ ।
स्थानीय गौरीकन्य क्वारेन्टाइन जवलपुरमा बिरामी भेट्छु भन्दै गएका बोहराले मदिरा सेवन गरी महिला सदस्य कलादेवि बोहरा र स्वायमसेविकालाई गालीगलौच र अभद्र व्यवहार गरेपछि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय,बैतडीका डिएसपी डिल्ली नारायण पाण्डेले बताउनु भयो ।  बोहरालाई इलाका प्रहरी कार्यालय,पाटन ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।
क्वारेन्टाइनमा लैजादैं गर्दा मृत्यु भएका पुर्चौडी नगरपालिका -६ मनकालीका ६७ वर्षीय जुने लुहारको स्वाब सङ्कलन गरी  परीक्षणका लागि सेती प्रादेशिक अस्पताल पठाइएको छ । परीक्षण रिपोर्टपछि मात्रै जुनेमा कोरोना भए नभएको थाँहा हुँने स्वास्थ्य कार्यालय, बैतडीका प्रमुख योगेशप्रसाद भट्टले बताउनु भयो । रिपोर्ट एक दुई दिनभित्रै आउने उहाँले बताउनु भयो । भारतीय सीमा नाका झुलाघाटबाट उद्धार गरेर ल्याइएका लुहारको वैशाख २० गते मृत्यु भएको थियो । लुहार यही वैशाख १८ गते भारतको पिथौरागढबाट झुलाघाट नाका हुँदै स्वदेश भित्रिनु भएको थियो । एक महिना अघि उपचारका लागि भारतको पिथौरागढ पुगेका लुहार लकडाउनका कारण पिथौरागढमै बसेका थिए । उहाँको वैशाख २० गते पुर्चौडी नगरपालिका -६ को क्वारेन्टाइनमा लैजाँदै गर्दा खडायत गाउँ नजिकै बाटोमा मृत्यु भएको थियो । जुने लामो समयदेखि दमका बिरामी रहेको बुझिएको छ । मृतक लुहारको शवलाई प्लास्टिक बेरेर सुरक्षात्मक तरीकाले दाह संस्कार गरी सकिएको पुर्चौडी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विनोदकुमार कुँवरले जानकारी दिनुभयो । वैशाख १८ गते झुलाघाट र धार्चुला नाकाबाट २ हजार ६ सय ९५ नेपाली स्वदेश फर्किएका थिए ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** बान्नीगढी-जयगढ गाउँपालिका घर भएर काठमाडौँमा अध्ययनरत रहेका विद्यार्थीले लकडाउनका कारण खाद्यन्न अभाव भोलिरहेका बेला सो गाउँपालिकाले खाद्यन्न राहत वितरण गरेको छ । काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा रहेका २ सय ६० जना विद्यार्थीलाई राहत वितरण गरिएको छ । गाउँपालिकाका ६ ओटै वडाका काठमाडौँमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क सङ्कलन गरेर प्रतिव्यक्ति साढे १२ किलो चामल, दुई किलो दाल, एक किलो नुन र एक लिटर तेल विद्यार्थीको कोठामै वितरण गरीएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो । गाउँपालिकाले वडा तहमा रहेका दैनिक ज्यालादारी, विपन्न, गरिब लगायतलाई एक चरणको खाद्यन्न राहत वितरण गरिसकेको अध्यक्ष खड्काको भनाइ छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त राहत वितरणमा आफ्नो नाम किन काटेको भन्दै सोधपुछ गर्न जाँदा दुहुँ गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष दौतल महराले आफूलाई कुटपिट गरेको सोही गाउँपालिका वडा नम्बर ५ का स्थानीय मदन महराको आरोप छ । वडा कार्यालयमा आफ्नो नाम छुटेकोबारे सोधपुछ गर्न जाँदा राहत पाउनुको साट्टा  उल्टै आफूमाथि वडा अध्यक्ष महराले कुटपिट गरेको महराले बताउनु भयो ।
उहाँले भन्नु भयो - 'पहिले गाउँपालिकाबाट राहत पाउँदा आफ्नो नाम समावेश थियो । गाउँपालिका भन्दा प्रदेशको बढि राहत आउने बेला सोध्न जाँदा पनि कुटपिट गरे । गाउँपालिकाले पहिलो चरणमा १५ केजी चामल, एक केजी दाल, एक केजी नुन र एक लिटर तेल दिएको भए पनि  लकडाउन भएको डेढ महिना भइसकेकोले राहतस्वरुप पाइएको चामल सकिएको थियो ।'
घरमा खाद्यान्न छैन् । घरको उत्पादन तीन महिनासम्म पुग्दैन् । किन्नलाई पैसा नभएको कारण आफूले पनि राहत पाउनु पर्छ भन्दा आफूमाथि वडा कार्यालयमा हातपात गरीयो उहाँले भन्नु भयो । गरिबले राहत माग्न जाँदा पनि कुटाइ खानुपर्छ । अब मैले राहत माग्न कहाँ जाउ उहाँको भनाइ छ ।
वडा अध्यक्ष दौलतसिंह महरा भने आफूलाई हातपात गर्न खोज्दा आफूले धकेलेको मात्र बताउनु हुन्छ । मैले हातपात गरेको छैन्, उहाँले भन्नु भयो, आफूलाई हातपात गर्न खोज्न आउँदै थियो, धक्का मात्र दिएको हुँ । सम्झाउन खोज्दा ममाथि गालीगलौच गर्न थाले । १०/ १५ जनाको समूहमा आएर वडा कार्यालय तालाबन्दी गर्न खोजेको अध्यक्ष महराको आरोप छ ।
हामीले राहत वितरणमा विभेद गरेका छैनौ । राजनीति पनि गरेका छैनौ । सहमतिमै सर्वपक्षीय बसालेर वडाभरीका गरिब परिवार छनौट गरेका हौ, वडा अध्यक्ष महराले  भन्नुभयो । पहिलो चरणमा राहत पाइसकेको कारण दोस्रो चरणमा नदिइएको हो । वडाले पहिलो चरणमा ९९ परिवार र दोस्रो चरणमा ४८ परिवारलाई राहत वितरण गर्दैछ ।
दोस्रो चरणको राहत अन्तर्गत प्रति परिवार ३० केजी चामल, दुई केजी दाल, एक लिटर तेल, एक केजी नुन, चार पिस साबुन लगायतको सामग्री वितरण गर्ने मापदण्ड छ । वडासचिव दिपक जोशीले राहत वितरणको बारेमा सामान्य विवाद भएको र वडा अध्यक्ष र मदनबिच विगतको कुरालाई लिएर विवाद भएको बताउनु भयो । पूरानो लेनदेनको विषयमा विवाद हुँदा वडाअध्यक्ष महराले हातहाल्नुभएको हो । पछि प्रहरी पनि नजिकै भएको कारण वडाअध्यक्षले हातपात गर्नु गल्ती भएको भन्दै माफी मागेर मिलापत्र भएको उहाँले बताउनु भयो । गाउँपालिकाबाट दोस्रो चरणमा कम व्यक्तिको लागि राहत वितरण गर्न रकम आएको कारण केहि छुटेको उहाँको भनाइ छ ।

दार्चुलाका जनप्रतिनिधि र सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टबीच वैशाख २१ गते कोरोना रोकथाममा भइरहेको प्रयास, बजेट कार्यान्वयनको अवस्था र आगामी बजेट निर्माणका विषयमा भिडियो कन्फ्रेन्स भएको छ । जिल्लाका नौ ओटा स्थानीय तहका प्रमुखहरुसँग मुख्यमन्त्री भट्टको सम्वाद भएको हो । सम्वादमा कोरोना भाइरस नियन्त्रण, अहिले भइरहेको व्यवस्थापन, राहत वितरण लगायतको विषयमा मुख्यमन्त्री भट्टले चासो लिनु भएको अपिहिमाल गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले जानकारी दिनु भयो । यसैगरी उहाँले निकट भविष्यमै नयाँ बजेट तर्जुमा, प्रदेश र स्थानीय तहबीच समन्वय लगायतको विषयमा छलफल भएको र छलफलमा स्थानीय जनप्रतिनिधिहरुले जिल्लामा राहत वितरण, क्वारेन्टाइन व्यवस्थापनको बारेमा मुख्यमन्त्रीलाई जानकारी गराएको अध्यक्ष मन्यालको भनाइ छ ।

सम्वादमा नौगाड गाउँपालिकाले आगामी वर्षको बजेट निर्माण गर्दा उत्पादनमूखी र आयआर्जनमा जोड दिनु दिने र प्रदेश सरकारले अगामी बजेट निर्माण गर्दा हाल भारतबाट फर्किएका व्यक्तिहरुको श्रमलाई प्रयोग गर्ने गरी ल्याउन मुख्यमन्त्री भट्टसँग आग्रह गरिएको गाउँपालिका अध्यक्ष प्रेमसिह धामीले बताउनु भयो ।

उहाँले भन्नु भयो -हामी आफ्नो नीति कार्यक्रममा सोहि अनुसार ल्याउँछौं । प्रदेश सरकारले पनि यहि क्षेत्रमा श्रम गरी  बाँच्ने आधार तय गर्न भनेका छौं ।

छलफलका क्रममा हाकाली नगरपालिकाका प्रमुख हंशराज भट्टले सूदूरपश्चिम प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गर्न आवश्यक भएको र प्रदेश सरकारले स्थानीय तहलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन आवश्यक भएको सुझाव दिनु भएको थियो । छलफलका क्रममा मुख्यमन्त्री भट्टले स्थानीय तहसँग समन्वय गरेरै अघि बढ्ने र विगतमा भएका कमीकमजोरीलाई सच्याउँदै कोरोना भाइरस नियन्त्रण, क्वारेन्टाइन व्यवस्थापन लगायतका विषयमा एक जुट भएर लाग्न सुझाव दिनु भएको नगर प्रमुख भट्टको भनाइ छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अुनसार** सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस सङ्क्रमणको आङ्शकामा आइसोलेशनमा राखिएका १ सय १८ जनालाई डिस्चार्ज गरिएको छ ।  नौ ओटै जिल्लामा रहेका विभिन्न स्वास्थ्य संस्थामा स्थापना गरिएका आइसोलेशनमा उपचार भइरहेका १ सय १८ जनालाई  डिस्चार्ज गरिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ । प्रदेशमा सबैभन्दा बढी सेती प्रादेशिक अस्पतालबाट चार जना कोरोना सङ्क्रमित सहित ४३ जना डिस्चार्ज भएका छन् । प्रदेशको स्वास्थ्य निर्देशनालयले दिएको जानकारी अनुसार अछामको बयलपाटा अस्पताल र  डडेल्धुरा अस्पतालबाट १४/१४ जना, अछाम जिल्ला अस्पतालबाट ११ जना , महाकाली अस्पतालबाट आठ जना, डोटी जिल्ला अस्पतालबाट ६ जना, बैतडी जिल्ला अस्पतालबाट र गोकुलेश्वर अस्पतालबाट पाँच/पाँच जना, बाजुरा अस्पतालबाट चार जना, कैलालीको भजनी प्राथमिक स्वास्थ्य केन्द्रबाट तीन जना, चौमाला प्राथमिक स्वास्थ्य केन्द्र, टिकापुर अस्पताल र दार्चुलाको गोकुलेश्वर अस्पतालबाट दुई/दुइ जना, बझाङ र बाजुराको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रबाट एक/एक जनालाई डिस्चार्ज गरिएको छ ।

सेती प्रादेशिक अस्पताल धनगढीमा एक जना कोरोना सङ्क्रमित र चौमला स्वास्थ्य चौकीमा एक जना शङ्कास्पद गरी दुई जना व्यक्तिहरुलाई आइसोलेसनमाराखि उपचार भइरहेको निर्देशनालयले जनाएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**